# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित .

खण्ड ११ ] काठमाडौं फाल्गुन ८ गते २०१८ साल [ संख्या ४४

श्री ५ को सरकार

गृह मन्त्रालयको

सूचना

नेपाल विशेष अदालत ऐन, २०१३ (समय समयमा भएका संशोधनहरू सहित ) को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

जनकपुर र वीरगञ्जमा श्री ५ महाराजाधिराजको गाथ ताकेको र तत् सम्बन्धी उद्योग षड्यन्त्र गरेको मुद्दा मामिला हेरी किनारा लगाउन प. १ नं. विशेष अदालतलाई सुम्पेको छ ।

आज्ञाले–
मे. ज. क्षेत्रविक्रम राणा
श्री ५ को सरकारको सचिव,
गृह मन्त्रालय ।



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल गजेट

## भाग ४

श्री ५को सरकारद्वारा प्रकाशित

काठमाडौं, फाल्गुन ८ गते २०१८ साल

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको
### सूचना

बन ऐन, २०१८ अन्तर्गत पन अपराध सम्बन्धी मुद्दाको सरजमीन वा मौका तहकीकात गर्ने वा त्यस्तो मुद्दा दायर गर्ने काम सोही ऐनमा लेखिए बमोजिम सम्बन्धित अफिस कर्मचारीद्वारा हुने पब्लिक प्रासिक्यूटरद्वारा गरिरहन नपर्ने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

आज्ञाले—
उदयप्रशाद उपाध्याय
श्री ५ को सरकारको सह सचिव
कानून तथा न्याय मन्त्रालय ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।